**आकाशवाणी समाचार- नेपाली**

मितिः २६ अक्तूबर २०२५

समयः ७.२५ - ७.३५ बजे *(अवधिः १० मिनट)*

**मुख्य समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले आज हरियाणाको अम्बालामा राफेल विमान उडाउनु हुनेछ।

२. प्रधानमन्त्री नरेन्द्र मोदी आज भारत समुद्री सप्ताह २०२५ मा भाग लिन मुम्बईको यात्रा गर्नु हुनेछ। उहाँले समुद्री विज्ञहरूको सम्मेलनलाई सम्बोधन गर्नुहुनेछ र ग्लोबल समुद्री सीईओ फोरमको अध्यक्षता गर्नुहुनेछ।

३. विज्ञान तथा प्रविधि मन्त्री डा. जितेन्द्र सिंहले एआई-संचालित अनुवाद उपकरणहरूले हिन्दी सामग्रीको प्रसार र अनुवादलाई प्रवर्द्धन गरिरहेको बताउनु भएको छ।

४. भीषण चक्रवाती तूफान मोन्था राती मछलीपट्टणम र कलिंगपट्टणमको बीचमा रहेको आन्ध्र प्रदेश र यनम तटलाई पार गरेको छ। मोन्थालाई ध्यानमा राख्दै राष्ट्रिय राष्ट्रीय आपदा मोचन बलको २६ टोलीहरू खटाएको छ।

५. भारत र अस्ट्रेलियाबीचको पाँच म्याचको टी-२० क्रिकेट शृङ्खलाको पहिलो म्याच आज क्यानबेराको ओभलमा खेलिनेछ।

**राष्ट्रपति - अम्बाला राफेल**

राष्ट्रपति द्रौपदी मुर्मुले आज हरियाणाको अम्बालामा राफेल विमान उडाउनु हुनेछ। उहाँले यो भन्दा पहिला अप्रेल २०२३ मा आसामको तेजपुर वायुसेना स्टेशनबाट सुखोई ३० एमकेआई लडाकु विमान उडान गरिसक्नु भएको छ।

**प्रधानमन्त्री - समुद्री सप्ताह**

प्रधानमन्त्री नरेन्द्र मोदी आज भारत समुद्री सप्ताह २०२५ मा भाग लिन मुम्बईको यात्रा गर्नु हुनेछ। उहाँले समुद्री विज्ञहरूको सम्मेलनलाई सम्बोधन गर्नुहुनेछ र ग्लोबल समुद्री सीईओ फोरमको अध्यक्षता गर्नुहुनेछ। सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले सम्मेलन समुद्री क्षेत्रमा सहयोग बढाउन र भारतको सुधारहरूलाई उजागर गर्ने एक उत्कृष्ट प्लेटफर्म भएको बताउनु भएको छ।

यसैबीच, पत्रकार सम्मेलनलाई सम्बोधन गर्नु हुँदै केन्द्रीय बन्दरगाह, जहाजरानी र जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले भन्नु भयो, श्री मोदीको दूरदर्शी नेतृत्वमा भारतको समुद्री क्षेत्रले केवल ११ वर्षमा आफ्नो बन्दरगाह क्षमता लगभग दोब्बर बनाएको छ र यस क्षेत्रमा अग्रणी भूमिका खेलिरहेको छ।

**प्रधानमन्त्री - मन्त्रिपरिषद्**

प्रधानमन्त्री नरेन्द्र मोदीले देशका किसानहरूको कल्याणप्रति सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै श्री मोदीले २०२५-२६ को रवि बालीका लागि फस्फोरस र पोटास मलमा अनुदान स्वीकृत गरेर सरकारले महत्त्वपूर्ण कदम चालेको बताउनु भएको छ। उहाँले भन्नु भयो, यसले किसानहरूलाई किफायती मल मात्र प्रदान गर्ने छैन तर उनीहरूको आम्दानी पनि बढाउनेछ।

**गोयल-ब्रसेल्स**

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलको ब्रसेल्स भ्रमण हिजो सम्पन्न भयो। भ्रमणको क्रममा उहाँले भारत-यूरोपीय संघ मुक्त व्यापार समझौते-एफटीएलाई अगाडि बढाउन व्यापार तथा आर्थिक सुरक्षाका लागि यूरोपीय संघका आयुक्त मारोस सेफ्कोविकसित विस्तृत छलफल गर्नु भयो।सामाजिक सञ्जालको एक पोस्टमा श्री गोयलले वार्ता व्यापक र अत्यन्त उपयोगी भएको बताउनु भएको छ जसले धेरै बाँकी रहेका मुद्दाहरूलाई समाधान गर्न मद्दत गर्‍यो। उहाँले भन्नु हयेको छ, यी छलफलहरूले भारत र यूरोपीय संघबीच व्यापार, लगानी, नवीनता र रोजगारी सिर्जनालाई बढावा दिने बलियो सम्झौताको जग बसालेको छ।

**जितेन्द्र - एआई हिन्दी**

विज्ञान तथा प्रविधि मन्त्री डा. जितेन्द्र सिंहले एआई-संचालित अनुवाद उपकरणहरूले हिन्दी सामग्रीको प्रसार र अनुवादलाई प्रवर्द्धन गरिरहेको बताउनु भएको छ। हिजो नयाँ दिल्लीमा मन्त्रालयको हिन्दी सल्लाहकार समितिको पहिलो बैठकलाई सम्बोधन गर्नु हुँदै डा. सिंहले सबै मन्त्रालय र विभागहरूमा हिन्दीको प्रयोग आवश्यक रहेको बताउनु भयो, किनकि हिन्दी केवल एउटा भाषा मात्र होइन तर देशको सांस्कृतिक पहिचानको प्रतीक हो।उहाँले नागरिकहरूलाई आफ्नै भाषामा वैज्ञानिक जानकारीमा पहुँच सुनिश्चित गर्न सबै मन्त्रालयहरूको वेबसाइटहरू पनि हिन्दीमा उपलब्ध हुनु पर्ने बताउनु भएको छ। उहाँले भारतको वैज्ञानिक र प्राविधिक विकासले यसको विविध भाषिक परिदृश्यको आवाज प्रतिबिम्बित गर्नुपर्ने बताउनु भएको छ। श्री सिंहले यो पनि भन्नु भयो, विश्वविद्यालय अनुदान आयोगले कर्मचारीहरूलाई हिन्दी-आधारित उपकरणहरू र स्रोतहरू प्रदान गर्दैछ, जसले वैज्ञानिक सञ्चारमा हिन्दीको भूमिकालाई अझ बलियो बनाउँछ।

**सरदार पटेल व्याख्यान**

केन्द्रीय श्रम, रोजगार, युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख मान्डवीयले आज साँझ नयाँ दिल्लीमा यस वर्षको सरदार पटेल स्मृति व्याख्यान दिनु हुनेछ। सूचना तथा प्रसारण राज्यमन्त्री डा. एल. मुरुगन पनि उपस्थित हुनुहुनेछ। भारतका प्रथम सूचना तथा प्रसारण मन्त्री सरदार वल्लभभाई पटेलको सम्मानमा आकाशवाणीले वार्षिक सरदार पटेल स्मृति व्याख्यानको आयोजना गर्दछ। यसअघि धेरै प्रख्यात नेताहरू, वैज्ञानिकहरू र इतिहासकारहरूले यस व्याख्यान श्रृंखलामा भाग लिएका छन्। व्याख्यान श्रृंखला १९५५ मा सी. राजगोपालाचारीले दिएको पहिलो व्याख्यानबाट सुरु भएको थियो। यसअघिका व्याख्यानहरू डा. ए.पी.जे. अब्दुल कलाम, मोरारजी देसाई, डा. जाकिर हुसेन, डा. करण सिंह, वसन्त साठे, डा. के. कस्तुरीरंगन, प्रो. एम.जी.के. मेनन, डा. एम.एस. स्वामिनाथन, न्यायमूर्ति लीला सेठ, जे.एन दीक्षित, अरुण जेटली, अजित डोभाल, डा. एस. जयशंकर, र डा. एस. सोमनाथ आदिद्वारा दिईसकेका छन्। यस व्याख्यानको रेकर्डिङ ३१ अक्टोबर ३१ मा सरदार पटेलको जन्म जयन्तीको अवसरमा सम्पूर्ण आकाशवाणी नेटवर्कमा प्रसारण गरिनेछ।

**कोइला लिलामी**

कोइला तथा खानी मन्त्री जी. किशन रेड्डीले आज नयाँ दिल्लीमा व्यावसायिक कोइला खानी लिलामीको १४ औं चरणको सुरुवात गर्नुहुनेछ। कोइला मन्त्रालयले यस लिलामीको उद्देश्य व्यवसाय गर्न सहजता बढाउनु, विविध क्षेत्रहरूबाट लगानी आकर्षित गर्नु र उद्योग सहभागितालाई प्रोत्साहित गर्नु रहेको बताएको छ। मन्त्रालयले पहिलो पटक लिलामी संरचनामा भूमिगत कोइला ग्यासिफिकेशन (UCG) को लागि प्रावधानहरू प्रस्तुत गरिरहेको बताएको छ। १४ औं चरणमा लिलामीको लागि पूर्ण र आंशिक रूपमा अन्वेषण गरिएका कोइला ब्लकहरूको नयाँ सेट प्रस्ताव गरिनेछ। अनुभवी र नयाँ कम्पनीहरू र प्रविधि-संचालित उद्यमहरूबाट सहभागिता आमन्त्रित गरिनेछ। यस अवधिमा, कोइला मन्त्रालयले दुई परिवर्तनकारी डिजिटल प्लेटफर्महरू कोइला भूमि अधिग्रहण, प्रबन्धन र भुक्तानी - क्ल्याम्प पोर्टल र कोइला शक्ति ड्यासबोर्ड पनि शुरु गर्नेछ।

**चक्रवात मोन्था**

भीषण चक्रवाती तूफान मोन्था राती मछलीपट्टणम र कलिंगपट्टणमको बीचमा रहेको आन्ध्र प्रदेश र यनम तटलाई पार गरेको छ। यसावधि ९० देखि १०० किलोमिटर प्रतिघण्टाको गतिमा हावा आएको थियो। मौसम विभागले हिजो साँझ ७ बजे आन्ध्र प्रदेशको काकीनाडा नजिकै मोन्था पुगेको जनाएको छ। मोन्थाले आन्ध्र प्रदेशमा भारी वर्षा गर्‍यो, जसले राज्यको 43 हजार हेक्टर क्षेत्रफलमा बालीनालीलाई क्षति पुर्‍यायो। मौसम विभागले आज आन्ध्र प्रदेश र यानमका धेरैजसो भागहरूमा हल्कादेखि मध्यम वर्षा हुने र केही

स्थानमा भारीदेखि धेरै भारी वर्षा हुने अनुमान गरेको छ। विभागले केही स्थानमा २० सेन्टिमिटरभन्दा बढीको भारी वर्षा हुने अनुमान गरेको छ। गम्भीर चक्रवात आँधीका कारण हिजो आन्ध्र प्रदेशको नेल्लोर जिल्लामा सबैभन्दा बढी वर्षा भएको छ।
ओडिशाका मुख्यमन्त्री मोहन चरण माझीले ओडिशामा मोन्थाले उल्लेखनीय क्षति नगरेको र सावधानी अपनाइएका उपायहरूले राज्यलाई उल्लेखनीय राहत दिएको बताउनु भएको छ। राज्य आपदा प्रबन्धन प्राधिकरण नियन्त्रण कक्षमा चक्रवातपछिको अवस्थाको समीक्षा गरेपछि श्री माझीले भन्नु भयो, केही क्षेत्रमा केवल सानो पहिरो र रूखहरू उखेलिएको रिपोर्ट गरिएको छ।
मोंथालाई ध्यानमा राख्दै राष्ट्रिय राष्ट्रीय आपदा मोचन बलले २६ टोलीहरू खटाएको छ, जसमध्ये १२ आन्ध्र प्रदेशमा, छ ओडिशामा र तीन उत्तरी तमिलनाडुमा छन्।केन्द्रीय स्वास्थ्य मन्त्रालयले आन्ध्र प्रदेश, ओडिशा र तमिलनाडु लगायत पूर्वी तटीय राज्यहरूका वरिष्ठ अधिकारीहरूसँग चक्रवात मोन्था तयारीहरूको समीक्षा गऱ्यो। मन्त्रालयले राज्यहरूलाई पूर्ण सहयोग गरेको छ र प्रभावकारी आपतकालीन चिकित्सा सहयोगको लागि आवश्यक सबै सहयोगको आश्वासन दिएको छ।

**जीएसटी सुधार - पर्यटन क्षेत्र**

वस्तु तथा सेवा कर जीएसटी बचत महोत्सवको फाइदा समाजका सबै वर्गमा पुग्दैछ। २२ सेप्टेम्बरदेखि लागू हुने नयाँ जीएसटी दरहरूको कार्यान्वयनलाई प्रधानमन्त्री नरेन्द्र मोदीले "बचत महोत्सव" नाम दिनु भएको छ। कम जीएसटी दरहरूबाट पर्यटन क्षेत्रमा नागरिकहरूले प्राप्त गरिरहेका फाइदाहरूको बारेमा प्रस्तुत छ हाम्रा संवाददाताको यो रिपोर्ट – **बाइट**

**भारत-अस्ट्रेलिया टी-२० क्रिकेट**

भारत र अस्ट्रेलियाबीचको पाँच म्याचको टी-२० क्रिकेट शृङ्खलाको पहिलो म्याच आज क्यानबेराको मनुका ओभलमा खेलिनेछ। यो म्याच दिउँसो १:४५ बजे सुरु हुनेछ। सूर्य कुमार यादवको नेतृत्वमा रहेको भारतीय टोलीले शृङ्खला जितका साथ सुरु गर्ने लक्ष्य राख्नेछ। यो शृङ्खला दुवै देशका लागि महत्त्वपूर्ण छ।

****** ० ******